# आर्थिक वर्ष २०८२/०८३ को
# वार्षिक नीति तथा कार्यक्रम

## भीमेश्वर नगरपालिका
### चरिकोट, दोलखा
### बागमती प्रदेश, नेपाल
### २०८२

भीमेश्वर नगरपालिकाको सम्मानित नगरसभामा २०८२ असार १० गते मंगलबार
नगर उप-प्रमुख श्री कमला बस्नेतद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम

## भीमेश्वर नगरपालिका

चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल

२०८२ असार १० गते

## भीमेश्वर नगरपालिका, दोलखा
## आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम

**नगरसभाका सभाध्यक्षज्यू,**
**नगरसभा सदस्यज्यूहरू,**

१. नेपालको संविधान अनुसार राज्यको संरचना र राज्य शक्तिको बाँडफाँट अन्तर्गत रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए अनुसारको काम, कर्तव्य पूरा गर्दै अगाडि बढाउनु पर्ने भएको हुँदा विकास र सेवाका कार्यहरू सम्पादन गर्ने आधारको रूपमा आर्थिक वर्ष २०८२/०८३ को भीमेश्वर नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभासमक्ष प्रस्तुत गर्न पाउँदा मैले गौरवानुभुती गरेको छु। यो महत्त्वपूर्ण अवसर प्रदान गर्नु भएकोमा सभाध्यक्षज्यू, सम्पूर्ण नगरसभा सदस्यज्यूहरू एवम् सम्पूर्ण नगरवासी महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

२. मुलुकको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि पटक-पटक गरिएका ऐतिहासिक आन्दोलनका क्रममा जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

३. नेपालको संविधानमा निर्दिष्ट राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, नेपाल सरकारको दीर्घकालीन राष्ट्रिय लक्ष्यहरू, नेपाल सरकारको सोह्रौं आवधिक योजना, बागमती प्रदेशको पहिलो आवधिक योजनाको आधार-पत्र, नेपाल सरकार र बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम, भीमेश्वर नगरपालिकाको बृहत् नगर योजना-२०७७ (पहिलो परिमार्जन २०८१) र नेपाल सरकारको **समृद्ध नेपाल सुखी नेपाली** राष्ट्रिय लक्ष्य, बागमती प्रदेश सरकारको **स्वस्थ्य, सुसँस्कृत सुखी जनताः समाजवाद उन्मुख समृद्ध प्रदेश** र भीमेश्वर नगरपालिकाको **'जैविक कृषि, पर्यटन र दीगो पूर्वाधार; शिक्षा, स्वास्थ्य, संस्कृतिले समृद्ध भीमेश्वर'** दीर्घकालीन सोचलाई आधार मानी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरी यस नगरसभा समक्ष प्रस्तुत गरिएको छ। जसले भीमेश्वर नगरपालिकाको विकास र समृद्धिमा सहयोग पुऱ्याउने विश्वास लिइएको छ।

सभाध्यक्षज्यू, नगरसभा सदस्यज्यूहरू,

४. अब म भीमेश्वर नगरपालिकाबाट आर्थिक वर्ष २०८१/०८२ मा सम्पादन गरिएका मुख्य मुख्य कार्य एवम् विषयवस्तुहरूको संक्षिप्त विवरण यस गरिमामय नगरसभामा प्रस्तुत गर्न अनुमति चाहन्छु।

५. **आर्थिक विकास :** नगरवासीको समृद्धिसँग जोडिएको आर्थिक विकास क्षेत्र अन्तर्गतका विभिन्न उपक्षेत्रहरूलाई उच्च प्राथमिकता दिई कार्यक्रमहरूलाई निरन्तरता दिइएको छ। जसलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ।

६. **कृषि :** 'व्यावसायिक कृषि, आधुनिक प्रविधि; कृषिमा लगानी नगरको समृद्धि' भन्ने सोचका साथ कृषिमा आधुनिकीकरण र व्यावसायीकरण गर्दै कृषकलाई आत्मनिर्भर बनाउन कृषि औजार तथा उपकरणमा साझेदारी, उन्नत जातका बिउबिजन, वितरण, माटो परीक्षण तथा चुना वितरण, बाली रोगकिराको बाली उपचार शिविर सञ्चालन, विषादी वितरण, तरकारी पकेट कार्यक्रम अन्तर्गत आइरन टनेलभित्र तरकारी खेती प्रवर्द्धन जस्ता कार्यक्रमहरू सञ्चालन गरिएको छ। नगर क्षेत्रका किसान सूचिकरण कार्य भइरहेको छ।

७. **पशु विकास :** नगरलाई पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउनुको साथै आयआर्जनको स्रोतको रूपमा विकास गर्ने नीति अनुरूप उन्नत जातका पशुपालनलाई प्रोत्साहन, दुधमा उत्पादनमा आधारित अनुदान वितरण, पशुपोषण र पशु स्वास्थ्यमा सुधार, पशुमा लाग्ने महामारी रोगहरूको नियन्त्रण, कृत्रिम गर्भधारण सेवा, सामुदायिक कुकुर बन्ध्याकरण, जस्ता कार्यक्रम सञ्चालन गरिएको छ। व्यवशायिक पशुपालनमा प्रोत्साहनका लागि गाई/भैसी स्रोत

केन्द्र स्थापना गरिनेछ । दुग्ध व्यवसायलाई व्यावसायिकरण तर्फ आकर्षण गर्नका लागि दुधको उत्पादन आधारित अनुदान उपलब्ध गराइएको छ ।

८. **सिँचाइ :** कृषियोग्य जमिनमा दीगो एवम् भरपर्दो सिँचाइ सुविधा पुऱ्याउने नीति अनुरूप 'सबै जग्गामा सिँचाइ पुऱ्याऔं; बाँझो जमिनलाई उर्वर बनाऔं' भन्ने मान्यताका साथ कुलो सिँचाइ, थोपा सिँचाइ, पोखरी सिँचाइका कार्यक्रमहरू सञ्चालन भएका छन् । सिँचाइलाई कृषि क्षेत्रको आधारशीलाको रूपमा विकास गर्न नेपाल सरकार र बागमती प्रदेश सरकारसँगको समन्वय र साझेदारीमा वडा न. २ र ५ मा लिफ्ट सिँचाइ परियोजनाको निर्माणको अन्तिम चरणमा पुगेको छ । सिंचाई प्रयोजनको लागि वडा नं ५ मा डिप बोरिङको सफल परीक्षण गरिएको छ ।

९. **पर्यटन :** धार्मिक, सांस्कृतिक, ऐतिहासिक र साहसिक पर्यटकीय गन्तव्यको रूपमा यस नगरपालिकालाई विकास गर्ने नीति अनुरूप 'पर्यटक हाम्रा पाहुना : नगर समृद्धिको गहना' भन्ने मूल मर्मलाई आत्मसात गर्दै पर्यटन क्षेत्रमा योगदान दिने रक क्लाइम्बिङ प्रतियोगिता सञ्चालन गर्नुका साथै विभिन्न बृहत दोलखा महोत्सव, स्टिट फुड महोत्सव, पर्यटन व्यवसायीहरुबीच अर्न्तक्रिया कार्यक्रम, प्रदेश सरकार सामाजिक विकास कार्यलय मार्फत वारिष्ठा, बेकरी सम्बन्धी तालिम, होमस्टे व्यवस्थापन जस्ता तालिम सञ्चालन गरिएको छ । पर्यटकका लागि सुरक्षित अनुभूति गराउन सडक तथा बजार क्षेत्रमा सोलार बत्तीको व्यवस्था, सौन्दर्य चरिकोट कार्यक्रम सञ्चालन, होटल व्यावसायीहरूवीच अर्न्तक्रिया कार्यक्रम, विभिन्न दातृ निकायको समन्वयमा कुक तालिम जस्ता कार्यक्रम सञ्चालन गरिएको छ । 'आस्थासँग जोडौं सम्पदालाई; पदमार्ग खोलौं पर्यटकलाई' भन्ने नाराका साथ धार्मिक तथा पर्यटकीय पदमार्गहरू निर्माण गरिएका छन् पर्यटन प्रवर्द्धनको लागि पर्यटन मन्त्रालयको सहकार्यमा खरिढुंगामा रहेको शिव ताल निर्माण प्रकृया अगाडि बढाइएको छ ।

१०. **उद्योग, वाणिज्य र रोजगारी :** वडा नं. ७ भुलभुलेमा औद्योगिक ग्राममा कोल्ड चेम्बर निर्माण कार्य सम्पन्न गरिएको छ । 'एक घर एक महिला रोजगार, समृद्ध भीमेश्वरको आधार' का लागि महिला आत्मनिर्भर कार्यक्रम सञ्चालन गरिएको छ । जसमा १७७ जना महिलालाई ४ दिने नेतृत्व क्षमता विकास तालिम र ५ दिने उद्यमशिलता विकास तालिम सञ्चालन गरी व्याववशाय सञ्चालनको लागि प्रति व्यक्ति रु १५०००।- रुपैया उपलब्ध गराउन तयारी भइरहेको छ । उद्यमीहरूलाई होमस्टे सम्बन्धी तालिम, कुक, बाँसको मुढा लगायत अन्य सामाग्री बनाउने, सिलाई बुनाई, धुप बनाउने, अचार बनाउने, गलैचा बुन्ने, अल्लोको धागो बनाउने, माटाको भाँडा बनाउने, मौरी पालन, बाखापालन, दुधजन्य परिकार बनाउने, व्युटिसियन जस्ता तालिम सञ्चालन गरिएको छ । माटोको भाँडा बनाउने उद्यमी, गलैचा बुन्ने उद्यमी, अल्लोको धागो बनाउने उद्यमीलाई प्रविधी सहयोग गरिएको छ । लघुउद्यम विकास कार्यक्रममार्फत व्यवसाय सुरु गर्नका लागि आवश्यक सीप र प्राविधिक सहयोग हुने प्रकृतिका क्रियाकलापहरू सञ्चालन गरिएका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रम र सहरी शासकीय क्षमता विकास कार्यक्रममार्फत रोजगारी प्रदान गरिएको छ । नगरपालिकाबाट प्राथामिकता क्षेत्रमा उत्पादनमा आधारित अनुदान दिने व्यवस्थाको शुरुवात गरिएको छ ।

११. **सहकारी र वित्तीय संस्था :** सहकारी क्षेत्रको बहुआयामिक योगदानलाई उच्च कदर गर्दै सहकारीसँगको साझेदारीमा नगरवासीको आय वृद्धि गर्नका लागि सहकारीहरूबिच अन्तर्क्रिया कार्यक्रम, सहकारीको क्षमता विकास कार्यक्रम र सहकारीको अनुगमनलाई निरन्तरता दिनुको साथै सहकारीहरूको तथ्याङ्कलाई कोपोमिसमार्फत व्यवस्थापन गरिएको छ । सहकारीहरूको अवस्था यकिन गर्न र सहकारी क्षेत्रमा देखिएका समस्याहरू पहिचान गर्नका लागि वडा तथा पालिका तहमा सहकारीहरूबीच अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको छ ।

१२. **सामाजिक विकास :** नागरिकको खुसीसँग जोडिएको सामाजिक क्षेत्रको विकासको आवश्यकतालाई प्राथमिकता दिँदै कार्यक्रमहरु अगाडि बढाइएको छ । यस क्षेत्र अन्तर्गतका विभिन्न उपक्षेत्रहरूमा सञ्चालन गरिएका उपलब्धीहरुलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

१३. **शिक्षा :** शैक्षिक गुणस्तर सुधारको लागि नगरपालिकाभित्रका विद्यालयहरूमा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक उपलब्ध गराइएको छ । बालविकास केन्द्रका शिक्षक र विद्यालय सहायक कर्मचारीहरूलाई प्रोत्साहन गरिएको छ ।

विद्यार्थीहरूका लागि दिवा खाजामा नगरपालिकाको तर्फबाट प्रति विद्यार्थी थप रु ५ का दरले सहयोग गरिएको छ निरन्तता दिइएको छ ।

१४. **स्वास्थ्य :** स्वास्थ्य सेवामा सबै नगरवासीको पहुँच सुनिश्चित गर्नको लागि आमा सुरक्षा कार्यक्रम, संस्थागत सुत्केरी हुने र समयमा नै जन्मदर्ता गराउने आमालाई प्रोत्साहनस्वरूप सुत्केरी भत्ता प्रदान गर्ने, वडा नं ५ मा स्वास्थ्य संस्थासम्म पुग्न नसक्ने जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई जेष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम मार्फत सेवा उपलब्ध गराउने, स्वास्थ्य चौकी नभएका वा स्वास्थ्य चौकीले समेट्न नसकेका नगरका क्षेत्रहरूमा शहरी स्वास्थ्य केन्द्रमार्फत स्वास्थ्य सेवा प्रवाह गराउने, विपन्न तथा गरिब नगरवासीका लागि स्वास्थ्य उपचारमा आर्थिक सहयोग उपलब्ध गराउने जस्ता कार्यक्रमहरू सञ्चालन भएका छन् । स्वास्थ्य चौकीहरूमा आवश्यक स्वास्थ्य सामग्रीहरू र औषधीको व्यवस्था गरिएको छ । जटिल प्रकृतिका बिरामीहरूको समस्यालाई मध्यनजर गर्दै प्रदेश सरकारसँगको सहकार्यमा पशुपति चौलागाई स्मृति अस्पतालमा किड्नी डायलेसिस उपकरण जडान गर्ने कार्य सम्पन्न भइ सेवा सुचारु भएको छ । भीमेश्वर नगरपालिकाभित्र बसोवास गर्ने २८०० जना ३० वर्ष भन्दा माथिका महिलामा पाठ्यघरको मुखमा हुने क्यान्सर परिक्षण गनुको साथै १०-१४ वर्ष समूहका विद्यालयमा रहेका र विद्यालय बाहिर रहेका किशोरीहरुलाई पाठ्यघरको मुखको क्यान्सर विरुद्धको खोप सञ्चालन, विभिन्न ८ वटा जटिल रोगीहरुलाई नेपाल सरकाबाट उपलब्ध गराउने १ लाख बराबरको सहयोगको लागि ७६ जनालाई सिफरिस उपलब्ध गराउनुको साथै प्रति व्यक्ति १०००० रुपैया उपलब्ध गराइएको छ । त्यसैगरी ११९ जना ४ प्रकारका रोगीलाई मासिक रु ५००० का दरले उपचार खर्च उपलब्ध गराइएको छ । स्वास्थ्य क्षेत्रमा प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र निरोधात्मक कार्यक्रमहरूका साथै पूर्ण खोप सुनिश्चिततालाई निरन्तरता दिइएको छ ।

१५. **खानेपानी, सरसफाइ तथा स्वच्छता :** चरिकोट बजार र आसपासका क्षेत्रमा पिउन योग्य खानेपानीको सहज आपूर्तिका लागि समन्वय र नियमन गर्दै चरिकोट बजारमा एकीकृत खानेपानी योजना सञ्चालन गर्ने प्रयास भइरहेको छ । खानेपानी सरसफाई तथा ढल विकास विभागको समन्वय, नेपाल सरकार खानेपानी तथा ढल व्यवस्थापन विभाग र भीनपाको साझेदारीमा निर्माणधिन चरिकोट ढल आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । ग्रामीण क्षेत्रमा खानेपानी सेवाका लागि सहयोगहरू प्रदान गरिएका छन् । 'सफा भीमेश्वर; स्वच्छ भीमेश्वर' अभियान अन्तर्गत निर्माण गरिएको सरसफाइ केन्द्रलाई सरसफाइ ज्ञान केन्द्रको रूपमा विकास गरिएको छ । शहरी फोहोरलाई स्रोतमा नै कुहिने र नकुहिने फोहोर छुट्टयाई निर्माणाधीन सरसफाइ केन्द्रबाट फोहोरमैलाको वर्गीकरण गर्ने, वडा न. ६ अवस्थित सरसफाइ ज्ञान केन्द्रमा आवश्यक आधुनिक उपकरणहरूको जडान गर्ने, सरसफाइ केन्द्रमा घेराबार र पहुँच मार्ग स्तरोन्नतिका कार्यहरू भएका छन् ।

१६. **भाषा, धर्म, संस्कृति तथा ललितकला संरक्षण र प्रवर्द्धन :** भाषा, लिपि, कला, संस्कृति, साहित्य, सङ्गीत, सम्पदा र धार्मिक स्थल आदि साँस्कृतिक धरोहरहरूको संरक्षणको लागि मठमन्दिरहरूलाई व्यवस्थित रूपमा सञ्चालन, सङ्घीय सरकार र बागमती प्रदेश सरकारसँगको सहकार्यमा दोलखा बजारको सम्पदा बस्तीमा ढुङ्गा बिछ्याउने कार्य, आदिवासी, जनजाति र दलित समुदायहरूको परम्परागत सीप र कलाको संरक्षण, वडा न. ६ मा निर्माणाधीन बहुसाँस्कृतिक सङ्ग्रहालय निर्माण, विभिन्न धर्म समुदायका लागि उपयुक्त स्थानमा मृत्युसंस्कार स्थलको प्रबन्ध, स्थानीय मठ, मन्दिर, गुम्बा, मण्डली, चाडपर्व र जात्राको जगेर्ना तथा संवर्द्धन जस्ता कार्यहरू सञ्चालन गरिएको छ । जिरी नगरपालिका, ललितपुर महानगरपालिका र जनकपुरधाम उपमहानगरपालिकासँगको सांस्कृतिक भगिनी सम्बन्ध सुमधुर बनाउने कार्यसमेत भएका छन् । ललितपुर महानगरपालिकाबाट सम्पदा संरक्षणका लागि आर्थिक सहयोग प्राप्त भइ पशुपति मन्दिर परिसरमा भवन निर्माण र फल्चा निर्माण कार्य सम्पन्न गरिएको छ ।

१७. **युवा तथा खेलकुद र मनोरञ्जन :** खेलकुदमार्फत नगरपालिकाको पहिचान स्थापनाका लागि नगरमा खेलकुद प्रतियोगिता सञ्चालन गर्नका साथै खेलकुद प्रतियोगिता सञ्चालनका लागि सहयोग गरिएको छ । कर्भड हलको पुर्वाधार विकास भीमेश्वर रंगशालाको पूर्णताको लागि कार्य भइरहेका छ । नगरवासीहरूका लागि मनोरञ्जनको क्षेत्रलाई ध्यान दिँदै नगरक्षेत्रभित्र निर्माण भएका पार्कहरूलाई व्यवस्थित गर्ने प्रयास गरिएको छ । साहसिक खेलकुदमार्फत पर्यटन विकासलाई जोड दिइएको छ ।

१८. **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र अपाङ्गता :** आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका लक्षित वर्गहरूको आर्थिक, सामाजिक रूपमा सशक्तीकरण, मूल प्रवाहीकरण र सचेतीकरण गर्न लक्षित वर्गको सीप तथा क्षमता विकास, आयआर्जन र सहयोगका लागि कार्यक्रम सञ्चालन गरिएको छ। 'क' वर्गका अपाङ्गता भएका व्यक्तिका हेरालुहरूलाई हेरचाह खर्चको लागि मासिक रु १०००।- र 'ग' वर्गका अपाङ्गता भएका व्यक्तिहरूको लागि मासिक रु ५००।- का दरले स्थानीय तहबाट सामाजिक सुरक्षा भत्तासमेतलाई निरन्तरता दिइएको छ। जातीय विभेद न्यूनीकरणका लागि दलित र गैरदलित समुदायकीबच अन्तर्जातीय विवाह गर्ने २ जोडीलाई सम्मान, महिला हिंसा र मानव बेचविखन विरुद्धको अभियान तथा कार्यक्रम, न्यायमा सहज पहुँच कार्यक्रम सञ्चालन गरिएको छ। सडकमा बेबारिसे ४ जनालाई विभिन्न आश्रममा आश्रय एवम् उपचारको लागि पठाइएको छ।

१९. **महिला, बालबालिका तथा जेष्ठ नागरिक :** यस नगरपालिकालाई बागमती प्रदेशकै पहिलो बालमैत्री नगर घोषणा पश्चात सोको निरन्तरता एवम् दीगोदीगोपनाका लागि रणनीति तथा लगानी योजनाअनुरूप कार्यक्रम सञ्चालन गरी बालमैत्री स्थानीय शासनको अवधारणालाई सुनिश्चित गर्दै लगिएको छ। बालविवाह न्यूनीकरण, बालश्रम निवारणसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन भएका छन्। जेष्ठ नागरिकसँग सम्बन्धित रही वडा नं ५ मा जेष्ठ नागरिक स्वास्थ्य परीक्षण, वडा नं. ७ मा अपाङ्गगता भएका व्यक्तिलाईसहायक सामग्री सहयोग जस्ता कार्यक्रमससमेत सञ्चालन गरिएको छ।

२०. **पञ्जीकरण तथा सामाजिक सुरक्षा :** पञ्जीकरणलाई व्यवस्थित गर्न वडा स्तरमा व्यक्तिगत घटना शिविर सञ्चालन र सामाजिक सुरक्षा भत्ता वडा केन्द्रहरूबाट बैङ्कमार्फत वितरण गर्ने व्यवस्था गरी ३ वटा बैंकबाट वडा तहमा नै भत्ता वितरण गरिएको छ।

**सभाध्यक्षज्यू,**

**नगरसभा सदस्यज्यूहरू,**

२१. **पूर्वाधार विकास :** नगरवासीलाई सहज पहुँच र सुविधाको लागि भौतिक पूर्वाधार विकासमा जोड दिंदै कार्यक्रम सञ्चालन गरिएको छ। भौतिक पूर्वाधारको क्षेत्रमा भए गरेका कार्यहरुलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ।

२२. **सडक तथा पुल :** भीमेश्वर नगरपालिकाले नगर यातायात गुरुयोजना तयार गरी मुख्य सडकहरूको संरक्षण एवम् मर्मतसम्भार गरी कृषकहरूको उत्पादनलाई बजारसम्म पुऱ्याउन ग्रामीण सडकहरूलाई स्तरोन्नति गरिएको छ। भीमेश्वर नगरपालिकाको स्थापना यताकै यस आर्थिक वर्षमा सर्वाधिक १२.६ किमि पक्की सडक निर्माण गर्न सफल भएका छौ। १५.३ किमि धुले सडकलाई ग्राभेल र सोलिङ गरी स्तरोन्नती गरिएको छ। १.५ किमि र ४.२ किमिको लम्बाइमा क्रमश ग्याविन वाल र पककी सडक नाला निर्माण गरिएको छ। यसैगरी ५.२ किमि कच्ची सडक निर्माण र २०.५ किमि पाइप लाइन विछ्याउने कार्य गरिएको छ। ७.५ किमि गोरेटो बाटोलाई पक्की बनाउने कार्य भएको छ। जसमा ८ हजार ५०० वटा पक्की सिंढीहरु निर्माण भएका छन्। शहरी विकास मन्त्रालयसँगको सहकार्यमा चरिकोट बसपार्कको पूर्वाधार निर्माण कार्य सुरु गरिएको छ। शहरी क्षेत्रका सडकहरुलाई चौडा बनाई ढलान तथा कालोपत्रे गर्ने कार्य भइरहेकोछ।

२३. **भवन तथा सहरी विकास :** योजनाबद्ध सहरी पूर्वाधार विकास गर्ने नीति अनुरूप अनलाइनमार्फत नक्सापास कार्य, सहरी क्षेत्रमा सडकबत्ती व्यवस्था, नगरवासीहरूको सक्रियतामा सरसफाइ, सहरी सौन्दर्यकरण र स्वच्छ भीमेश्वर सफा भीमेश्वर अभियान जस्ता कार्यक्रम सञ्चालन भएका छन्। नगरपालिकाको वडा न. २ र ५ का कार्यालय भवन निर्माण कार्य सम्पन्न भएका छन्। क्रमागत योजनाहरू भीमेश्वर रङ्गशाला, कभर्डहलको पूर्णताको लागि काम भइरहेकोछ। सातदोबाटो बहुउद्देश्यीय भवनलाई सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिएको छ। नगरभित्र निर्माण गरिने भवन तथा पूर्वाधारहरू पर्यटनमैत्री, बालमैत्री र अपाङ्गमैत्री बनाउन सुरु गरिएको छ। बहुउद्देश्यीय भवनमा रहेको सार्वजनिक शौचालयलाई सञ्चालनमा ल्याईएको छ। वडा न. ४ स्थित डिही फसिभैँ एकिकृत बस्तीमा जग्गा एकीकरण को कार्य अन्तिम चरणमा पुगेको छ।

२४. **ऊर्जा तथा जलविद्युत् :** विद्युत् प्राधिकरणसँगको सहकार्यमा खुल्ला तारलाई विस्थापित गरी इन्सुलेटेड तार जडानको कार्य सुरु भएको छ। उज्यालो भीमेश्वर कार्यक्रम अन्तर्गत विभिन्न साझेदार निकायहरूको सहकार्यमा वैकल्पिक ऊर्जाका कार्यक्रम सञ्चालन गरिएको छ।

२५. **सूचना तथा सञ्चार प्रविधि :** सूचना तथा सञ्चार क्षेत्रको बढ्दो प्रयोगलाई मध्यनजर गर्दै प्रविधिमैत्री नगर निर्माण गर्न सिसिटिभी क्यामरा जडानको कार्य शुरु गरिएको छ। प्रविधिमा आधारित अनलाइन घटना दर्ता, न्यायिक समिति

सूचना व्यवस्थापन प्रणाली र योजना सफ्टवेयर प्रणालीको सुरुवात जस्ता प्रविधिमैत्री कार्यहरू सञ्चालन भएका छन् । स्थानीय सञ्चार माध्यमहरूसँग साझेदारी र सहकार्यमा नगरपालिकाबाट गरिएका विकास गतिविधीहरुको अवस्थाको बारेमा अध्ययन भइरहेको छ ।

२६. **वन, वातावरण तथा विपद् व्यवस्थापन :** वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको उपक्षेत्रहरूलाई विकासमा मूल प्रवाहीकरण गर्ने प्रयासहरु भएका छन् ।

वन, वातावरण तथा जलवायु परिवर्तन अनुकूलन : दीगो विकास र नागरिकको जीवन पद्धतिसँग सम्बन्धित वन तथा वातावरणको संरक्षण गर्न सामुदायिक वन उपभोक्ता महासंघ र सामुदायिक वन उपभोक्ता समितिहरूसँग वन ऐन र सामुदायिक बनहरुको अवस्था विश्लेषण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्नुको साथै ९ वटा सामुदायिक वन उपभोक्ता समूहको कार्ययोजना पुर्नलेखन कार्यमा सहजीकरण गरिएको छ । वातावरण संरक्षणका कार्यक्रम सञ्चालन गरी जलवायु परिवर्तनका प्रतिकूल असरहरूलाई न्यूनीकरण गर्न जलवायु परिवर्तन अनुकूलन योजना तयारी कार्य अन्तिम चरणमा पुगेको छ । पारिस्थितिकीय प्रणालीहरू संरक्षण गर्दै जीविकोपार्जन सुधार गर्ने कार्यक्रम सञ्चालन गरिएका छन् । संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातवरणीय परीक्षण कार्यविधि पारित गरी कार्यान्वयनमा ल्याइएको छ ।

२७. **विपद् व्यवस्थापन :** विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा र अद्यावधिक गरिएको छ । नगरपालिकाको वारुणयन्त्रबाट नगरपालिकाभित्र र अन्य छिमेकी पालिकामा समेत सेवा प्रदान गरिएको छ । विपद् जोखिम व्यवस्थापन कोषको प्रभावकारी परिचालन गरिएको छ । वडा तहमा नै विपद् व्यवस्थापन सम्बन्धी बन्दोवस्तका सामाग्रीहरू भण्डारण गरी आवश्यकताको आधारमा तत्काल वितरणको व्यवस्था मिलाइएको छ । समुदायमा आधारित प्रतिकार्य टोली परिचालनमार्फत विपद् व्यवस्थापन कार्यक्रम सञ्चालन गरिएको छ । नगर आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट पहिरोमा आधारित पूर्व सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याई थप प्रभावकारी बनाइएको छ । नगरपालिकाले तयार गरेको जोखिम संवेदनशिल भू-उपयोग योजनालाई कार्यान्वयनमा ल्याइएको छ ।

२८. **सुशासन तथा संस्थागत विकास :** नगरवासीलाई गुणस्तरीय सेवा प्रवाह गर्न सुशासन तथा संस्थागत विकास क्षेत्रअन्तर्गतका उपक्षेत्रहरूलाई मूलप्रवाहीकरण गरिएको छ ।

२९. **सङ्गठन तथा संस्थागत क्षमता विकास र सुशासन :** कार्यालयको सेवा प्रवाहलाई प्रभावकारी बनाउन नगरकार्यपालिका अन्तर्गतका सबै कार्यालय, स्वास्थ्य चौकी र विद्यालयमा ई-हाजिरी कार्यान्वयनमा ल्याइएको छ ।

३०. **नागरिक सन्तुष्टि सर्वेक्षण तथा सामाजिक उत्तरदायित्व :** नगरपालिकाको सेवा प्रवाहलाई सेवाग्राहीमैत्री र प्रविधिमैत्री बनाई सुशासनको अनुभूति दिने प्रयास गरिएको छ । सार्वजनिक सेवालाई प्रभावकारी बनाउनका लागि सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रमहरू सञ्चालन गरिएको छ । नगर कार्यपालिकाको निर्णयहरू, नगरले तर्जुमा गरेका कानुनहरू र सूचनाहरू नगरपालिकाको वेबसाइटमार्फत सार्वजनिक गर्ने कार्य भएको छ ।

३१. **न्यायमा पहुँच र सामाजिक न्याय :** संवैधानिक व्यवस्था अनुरुप न्यायिक समितिबाट मुद्दा मामिलाहरूको सुनुवाई, सहजीकरण, न्याय निरूपण गर्ने कार्य छिटोछरितो र नियमित रूपमा गरिएको छ । न्यायिक समितिबाट सम्पादित कार्यहरूको लागि सूचना व्यवस्थापनको लागि सूचना व्यवस्थापन प्रणालीमार्फत तथ्याङ्क व्यवस्थापनको सुरुवात भएको छ । वडास्तरमा सूचिकृत मेलमिलापकर्ताहरू मार्फत विवाद समाधानमा सहजीकरण, मेलमिलापकर्ताहरूसँग अन्तर्क्रिया र पुर्नताजगी तालिम सञ्चालन गरिएको छ । साथै सबै वडामा कानुनी साक्षरता शिविर सञ्चालन गरिएको छ ।

३२. **आयोजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन :** आयोजनाहरूको कार्यान्वयन र अनुगमनका लागि मासिक कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ । कार्यक्रम तथा आयोजनाहरूको गुणस्तरको सुनिश्चितताका लागि सोको नियमित अनुगमन गरिएको छ । अनुगमनबाट दिइएका सुझावको आधारमा सुधार गर्ने र अनुगमन, मूल्याङ्कन प्रतिवेदन र कार्यसम्पादनको आधारमा भुक्तानीको प्रक्रिया अगाडि बढाइएको छ ।

३३. **राजस्व परिचालन :** नगरपालिकाबाट आन्तरिक राजस्व वृद्धि गर्न स्थानीय सरकारको वित्तीय अधिकार क्षेत्रभित्रका कर, सेवाशुल्क, दस्तुर र बिक्रीको आधार र दायरा फराकिलो, सहज र सरलीकृत गर्दै प्रगतिशील राजस्व प्रणाली अवलम्बन गरिएको छ । करदाताहरूको कर तिर्ने क्षमता मध्यनजर गर्दै करका दरहरू निर्धारण गरी संकलन गरिएको छ । गत वर्षको तुलनामा राजश्व बृद्धिमा केही सुधार आएको छ ।

३४. **वित्तीय व्यवस्थापन, नियन्त्रण, अनुशासन र लेखापरीक्षण :** सार्वजनिक खर्चलाई मितव्ययी र औचित्यपूर्ण बनाउने प्रयास गरिएको छ । खर्चको प्रभावकारिता वृद्धिका लागि सङ्घ, प्रदेश र नगरपालिकाको आर्थिक ऐन नियमहरूको

पूर्ण पालना गर्ने संयन्त्र विकास गरिएको छ । अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित सुझावहरूको पालना र बेरुजु न्यूनीकरणमा ध्यान दिइएको छ ।

३५. **संस्थागत समन्वय :** यस नगरपालिकालाई समृद्ध नगर निर्माणका लागि नगरपालिकाले नेपाल सरकार, बागमती प्रदेश सरकार, अन्तरपालिका भगिनी सम्बन्ध, निजी क्षेत्र, सहकारी संस्था, गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्यलाई अगाडि बढाइएको छ । यसअघि भगिनी सम्बन्ध स्थापित भएका जिरीनगरपालिका, ललितपुर महानगरपालिका र जनकपुरधाम उपमहानगरपालिकासँगको सम्बन्ध प्रगाढ बनाइदै लगिएको छ । चिनको सिचुवान प्रान्तको छेन्दु स्थित दुचियाङयान सिटीसँग भएको भगिनी सम्बन्धलाई प्रगाढ पार्नको लागि दुवै स्थानीय सरकारवीच बैठक बसी समझदारी पत्र आदान प्रदान भएको छ । नगरको समृद्धि र विकासका लागि विकास साझेदारका रूपमा सरकारी कार्यालय, राष्ट्रिय निकाय, द एसिया फाउन्डेसनको स्थानीय सरकार सबलीकरण कार्यक्रम लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकाय, सहकारी र गैरसरकारी सङ्घसंस्थासँग सहकार्य गरिएको छ ।

३६. **दीगो विकास लक्ष्य :** विकास र सेवाका लागि बजेट निर्माण, कार्यक्रम तर्जुमा र आयोजना छनौट गर्दा दीगो विकास लक्ष्यहरूलाई ध्यान दिइएको छ । नेपाल सरकारले सन् २०३० सम्ममा पूरा गर्नुपर्ने दीगो विकास लक्ष्यका सूचकहरू हासिल गर्ने दीगो विकास लक्ष्यहरूलाई स्थानीयकरण गर्दै कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

**सभाध्यक्षज्यू,**

**नगरसभा सदस्यज्यूहरू,**

अब म भीमेश्वर नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

३७. **आर्थिक विकास :** नगरवासीको समृद्धिसँग जोडिएको आर्थिक विकास क्षेत्र अन्तर्गतका उपक्षेत्रहरूलाई उच्च प्राथमिकता दिई कार्यक्रमहरू तर्जुमा गरिने छ ।

३८. **कृषि :** ‘दीगो आम्दानी र स्वस्थ जीवन; जैविक कृषि उत्पादन’ भन्ने सोचका साथ नगरलाई जैविक र व्यावसायिक कृषिमा अग्रणी नगरको रूपमा विकास गर्ने नीति लिइने छ । कृषि औजार तथा उपकरणमा साझेदारी, नविन प्रविधि र यान्त्रीकीरणको प्रयोगलाई प्रोत्साहन, र उन्नत खेती प्रवर्द्धन गरिने छ । कृषि योग्य क्षेत्र पहिचान गरी कृषि पकेट क्षेत्रको विकास, तोकिएका बालीमा उत्पादनमा आधारित अनुदान, कृषक सूचीकरण र अद्यावधिक गर्दै किसान परिचय पत्र वितरण गर्दै व्यवशायिक किसानलाई प्रोत्साहित गर्दे लगिने छ । कृषि उत्पादक र उपभोक्तालाई सहुलियत र सुविधा प्रदान गर्ने, कृषि उपजको बजारीकरण गर्नुका साथै सातदोबाटो लगायत विभिन्न स्थलमा हाट बजारको व्यवस्थापन गरी सडक आसपासको अनधिकृत व्यापारलाई निरुत्साहित गरिने, प्राङ्गारिक कृषि उत्पादनलाई प्रोत्साहन गर्ने तथा व्यवस्थित भण्डारण गर्ने, रैथाने बालीको विउ प्रवर्द्धन तथा प्रमाणीकरण गर्नका लागि नेपाल कृषि अनुसन्धान परिषदसँग आवश्यक समन्वयको प्रकृया अगाडि बढाइने, चिस्यानकेन्द्रको स्थापना र सञ्चालन, कृषि उत्पादन र उत्पादकत्वको आधारमा कृषकलाई प्रोत्साहन गर्ने, कृषि बिमालाई निरन्तरता दिई यस क्षेत्रको जोखिम व्यवस्थापन एवम् न्यूनीकरण गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छ । कृषि क्षेत्रमा वन्यजन्तु (बाँदर, मृग, दुम्सी आदी) ले ठुलो असर पारेकोले सो नियन्त्रण तथा व्यवस्थापन गर्ने कानून वनाउन नगरसभाबाट पारित गरी संघीय तथा प्रदेश सरकारसमक्ष पठाइने छ । वन्यजन्तुवाट पुगेको हानी नोक्सानीको उचित क्षतिपुर्तिको व्यवस्था मिलाउन प्रदेश तथा संघीय सरकारहरुसँग समन्वय गरिने छ ।

३९. **पशु विकास :** ‘उन्नत पशुपालन; सवल र सक्षम किसान’ भन्ने सोचबमोजिम पशुजन्य उत्पादनमा नगरलाई आत्मनिर्भर बनाउनुको साथै आय आर्जनको स्रोतको रूपमा विकास गर्ने नीति लिइने छ । पशुजन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, पशुपंक्षी पालक किसानहरूमा व्यावसायिकताको विकास गर्ने, स्थानीय पशुजन्य उत्पादनको प्रशोधन तथा बजार व्यवस्थापन गर्ने,गाइ/भैंसी पालनलाई प्रोत्साहन गरी स्रोत केन्द्र स्थापना गर्ने, पशु स्वास्थ्य सुधार र महामारी रोगहरूको नियन्त्रण जस्ता कार्यक्रम सञ्चालन गरिने छ । एक वडा एक पशुसेवा प्राविधिक व्यवस्था गर्ने नीति अनुरूप एक वडा एक पशु सेवा स्वयम्सेवकको व्यवस्था गरिने, दुग्ध व्यवसायलाई व्यवसायीकरण तर्फ आकर्षण गर्नका लागि दुधको उत्पादनमा आधारित अनुदान अन्तर्गत किसानलाई अनुदान उपलब्ध गराउदै आएको रकमलाई नगरपालिकाको तर्फबाट समेत थप गरी निरन्तरता दिइने छ । किसानलाई उद्यमशिलतासँग जोडी नगरलाई मासुमा आत्मनिर्भर बनाउन बाखा पकेट क्षेत्रको रुपमा विकास गरिने, पि.पि.आर, लम्पी स्किन रोग, खोरेत रोगका अतिरिक्त अन्य पशुरोगका लागि खोप व्यवस्थापन तथा महामारी व्यवस्थापनका कार्यक्रम संचालन गरिने, उच्च उत्पादन दिने उन्नत नश्लका पशुहरुको नगरमानै आपुर्ति व्यवस्था गर्न कृत्तिम तथा प्राकृतिक पशु नश्ल सुधार कार्यक्रम संचालन गरिने, कुकुरको टोकाइबाट मानिसमा हुने रेबिज रोगको संक्रमणलाई शून्य पार्न सामुदायिक

तथा घरपालुवा कुकुरहरुलाई रेबिज विरुद्को खोपको व्यवस्था र सामुदायिक कुकुरको बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४०. **सिंचाई** : 'उत्पादन र उत्पादकत्व वृद्धि; दीगो एवम् भरपर्दो सिँचाइ' भन्ने सोचलाई कार्यान्वयन गर्न सिंचाइका पूर्वाधार र सेवामार्फत कृषि उत्पादनशीलतामा अभिवृद्धि गरिने छ । कुलो सिँचाइ, लिफ्ट सिँचाइ, थोपा सिँचाइ, डिप बोरिङ सिंचाई र पोखरी सिँचाइका कार्यक्रमहरू सञ्चालन गरी कृषि सिञ्चित क्षेत्र विस्तार गरिने छ । दिसाजन्य फोहोरबाट निस्कने पानी प्रशोधन गरी सिँचाइमा प्रयोग गर्ने व्यवस्था मिलाइने छ । सिँचाइलाई कृषि क्षेत्रको आधारशीलाको रूपमा विकास गर्न नेपाल सरकार र बागमती प्रदेश सरकारसँगको समन्वय र साझेदारीमा सिँचाइ परियोजनाहरू सञ्चालन गरिने छन् । वहुउपयोगी (सिचाई, दृश्यावलोकन, वन्यजन्तु समेतलाई सहयोग पुग्ने गरी रिचार्ज पोखरी निर्माण र प्रयोग गरिने छ ।

४१. **पर्यटन : '**मनोरम पर्यटकीय गन्तव्य भीमेश्वर' बनाउनको लागि पर्यटनमार्फत स्थानीय विकास र समृद्धि हासिल गरिने छ । 'गाउँ गाउँमा उत्पादन; सहरमा पर्यटन' भन्ने नारालाई सार्थक बनाउन पर्यटनमैत्री पूर्वाधार विकास र सेवा विस्तार गरी पर्यटनलाई स्थानीय आय र रोजगारीको आधारस्तम्भको रूपमा विकास गरिने छ । आर्थिक वर्ष २०८२/८३ लाई भीमेश्वर भ्रमण वर्षको रुपमा घोषणा गरी पर्यटन वर्षको रुपमा कार्यान्वयन गरिनेछ । 'पूर्वाधार पर्यटनका लागि; पर्यटन जिउने आधारका लागि' भन्ने मूल मर्मलाई आत्मासाथ गर्दै वडाका पहिचानका आधारमा एक वडा एक पर्यटन केन्द्र स्थापना गरिने छ । खरिढुंगामा रहेको शिवपोखरीलाई विस्तार गरी शिव ताल निर्माण गरिने छ । दोलखा मञ्जुश्री पार्कमा पूर्वाधार विकास, मञ्जुश्री पार्कदेखि देउरालीसम्म पर्यटक मैत्री पदमार्गको निर्माण, भीनपा ६ मा विश्व बुद्ध शान्तिपार्क निर्माण कार्यको शुरुवात गरिनेछ । भीमेश्वर नगरपालिकामा भएका धार्मिक साँस्कृतिक लगायत पर्यटकीय गन्तव्यहरूको प्रचार प्रसार गर्ने प्रकृतिका कार्यक्रम सञ्चालन र डकुमेन्ट्री तयार पारिने छ । 'गन्तव्यदेखि गन्तव्यसम्म' (भीमेश्वरदेखि जनकपुर-अयोध्या सम्म) कार्यक्रमसमेत सञ्चालन गरिने छ । साथै सीतायान सर्किट निर्माणका लागि समन्वय र पहल गरिने छ । पर्यटन तर्फ पर्यटन गुरुयोजना तयारी, गन्तव्यदेखि गन्तव्य, पर्यटन पुर्वाधारको विकास, क्षमता विकास तालिम पर्यटक मैत्री सूचना प्रणालीको विकास मार्फत भीमेश्वर नगरपालिकालाई देशको तेस्रो गन्तव्यको रुपमा विकास गरिनेछ । यस नीति कार्यान्वयन गर्न स्थानीय सरकार सबलीकरण कार्यक्रमसँगको साझेदारीमा पर्यटन गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइने छ । पर्यटन क्षेत्रमा योगदान दिने साहसिक खेलहरू सञ्चालन गरिने छ । पर्यटकहरुको लागि केन्द्रित गरी दोलखा उद्योग वाणिज्य संघको साझेदारीमा चरिकोट सातदोबाटोमा कोशेली घरलाई थप व्यवस्थित गरिने छ । पर्यटकका लागि सुरक्षित अनुभूति गराउन सहरीक्षेत्र एवम् सिमा क्षेत्रमा सुरक्षा व्यवस्थालाई ध्यानमा राखी सिसिटिभी क्यामरा जडानको कार्यलाई निरन्तरता दिइनेछ । सूचना केन्द्रमार्फत पर्यटकीय स्थलहरूको बारेमा सूचना प्रदान गर्ने कार्यको सुरुवात गरिने छ । पर्यटन क्षेत्रको विकासको लागि भीनपा ५ पिपलबोट - बैतेश्वर ७ मार्वु जोड्ने झोलुङ्गे पुल निर्माणको सम्भाव्यता अध्ययनको लागि बागमती प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरिनेछ । थामी जातीको परम्परागत सामाग्रीहरु संकलन तथा व्यवस्थित गरी थामी संग्रहालय सञ्चालनमा ल्याइने छ । एक वडा एक पर्यटकीय स्थल पहिचान भइ सकेको सन्दर्भमा सोको प्रचार प्रसार र आवश्यक पूर्वाधारको विकास गरी गन्तव्य स्थलको रुपमा विकास गरिनेछ ।

४२. **उद्योग, वाणिज्य :** 'कृषि र पर्यटनमा आधारित उद्यम व्यापार' भन्ने सोचलाई कार्यान्वयन गर्न उद्योग व्यवसायमार्फत स्थानीय आर्थिक विकास र समृद्धिमा टेवा पुऱ्याउने नीति लिइने छ । स्थानीय सीप, प्रविधि तथा स्थानीय उत्पादनमा आधारित उद्योगको विकास र विस्तार गरी उत्पादनशील नगर निर्माण गरिने छ । औद्योगिक विकासको लागि वडा नं. ७ स्थित भुलभुलेमा रहेको औद्योगिक ग्राममा यसै आर्थिक वर्षबाट निजीक्षेत्रसँगको साझेदारीमा उद्योगहरू स्थापना गराई सञ्चालन गरिने छ । स्थानीय सामाग्रीको प्रयोग गरौं नगरलाई समुन्नत बनाऔं भन्ने नाराका साथ स्थानीय तहमा प्रयोग गरिने सामानहरुमा स्थानीय उत्पादनलाई प्राथामिकता दिइने छ । काठ, बाँस, माटो, अल्लो अर्गेली जस्ता प्रकृतिक स्रोतमा आधारित उद्योग व्यवशायको प्रवर्द्धन, औँद्योगिक ग्राममा उद्योगहरुको स्थापना, लघु र साना उद्यमलाई प्राथामिकता दिइने छ । संघीय र बागमती प्रदेश सरकारसँगको सहकार्यमा भीमेश्वर नगरपालिकाबाट निर्माण गरिएको औद्योगिक ग्राममा किवी प्रशोधन केन्द्रको स्थापनाको लागि समन्वय गरिनेछ । स्टार्ट अप कार्यक्रम अन्तरगत लघु, साना एवं मझौला उद्योगहरूको स्थापना र विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ । युवा उद्यमी कार्यक्रम अन्तरगत यस्तो उद्यम ४० वर्षसम्मका युवाले १० लाख भन्दा वढि लगानी गरी उत्पादनमा आधारित उद्यम एक वर्ष भन्दा बढी समय नियमित सञ्चालन गरेमा लागत मूल्यांकनको आधारमा वढिमा १० लाखको २५ प्रतिशत नगद अनुदान उपलव्ध गराइनेछ । ने । उद्यमी र नगरपालिका वीच सुरुमै संझौता

गरी अनुदानको ग्यारेन्टी गर्ने तर अनुदान भने १ वर्ष पछि मात्र उपलब्ध गराउने र उद्योग स्थापना तथा बन्द गर्नु अगाडि नगरपालिकाबाट स्थापना गरिएको व्यवसाय प्रवर्द्धन केन्द्रमार्फत परामर्शको व्यवस्था मिलाइनेछ । नीजि उद्यमी, सामुदायिक संस्था, स्थानीय सरकार र प्रदेश सरकारसमेतको लागत साझेदारीमा स्थानीय साधन स्रोतमा आधारित नीजि व्यवस्थापनमा उद्यम विकास गरिने छ । भीमेश्वर नगर क्षेत्र भित्र प्रयोग हुने फर्निचर (शैक्षिक संस्थाहरुमा समेत) यसै क्षेत्रका उत्पादन खरिद गर्ने व्यवस्था मिलाइनेछ । स्थानीय /घरेलु मदिराको उत्पादन, गुणस्तर नियन्त्रण एवम् विक्रि वितरणको लागि आवश्यक नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ। म्याग्नेसाइट र फिल्म सिटी नगर गौरबको योजनाको रुपमा अगाडि वढाउन पहल गरिने छ।

४३. **भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्थापन :** 'भूमिको उत्पादनशील उपयोग र प्रभावकारी वित्त परिचालन' भन्ने सोचका साथ भूमिको समुचित उपयोग तथा वित्तीय सेवामा नागरिकको पहुँच वृद्धि गर्ने नीति लिइने छ । भूमिको उपयोग र उत्पादकत्व वृद्धि गर्ने, सार्वजनिक जग्गाको लगत तयार गरी संरक्षण गर्ने, भूउपयोग योजनाको परिपालना गर्ने, वित्तीय सेवा तथा लगानीमा वृद्धि गर्ने, सहकारी क्षेत्रलाई थप विश्वसनीय भरपर्दो र पहुँच योग्य संस्थाको रूपमा विकास गर्न सम्बन्धित कार्यक्रमहरू सञ्चालन गरिने छ। सहकारी क्षेत्रको बहुआयामिक योगदानलाई उच्च कदर गर्दै सहकारी तथा सहकारी सञ्जालसँगको साझेदारीमा नगरवासीको आय वृद्धि गर्नका लागि सार्वजनिक-सहकारी-समुदाय साझेदारीता विकासको लागि सहकारीसँगको समन्वयमा सीप विकास र आय आर्जनको कार्यक्रमलाई निरन्तरता दिइने छ । सहकारीहरूको संस्थागत विकास, सुशासन र सदस्यप्रतिको जवाफदेहितामा जिम्मेवार बनाउन सहकारीको पदाधिकारी र कर्मचारीको क्षमता विकास तथा अनुगमनलाई प्रभावकारी बनाइने छ । सबै सहकारी संस्थाहरूलाई कोपोमिसमा आवद्ध गराइने छ । आवश्यकताको आधारमा सहकारीहरूको एकीकरण र खारेजीलाई प्राथमिकता साथ अगाडि बढाइने छ। सहकारीहरूको अवस्था एकिन गर्न र सहकारी क्षेत्रमा देखिएका समस्याहरू पहिचान गर्नको लागि वडा तथा पालिका तहमा सहकारीहरूवीच अन्तर्क्रिया कार्यक्रमलाई निरन्तरता दिइने छ।

४४. **श्रम, रोजगार तथा गरिबी निवारण :** 'श्रम शक्ति, पुँजी र प्रविधिको परिचालन; रोजगारी प्रवर्द्धन तथा गरिबी निवारण' भन्ने सोचका साथ नगरलाई पूर्ण रोजगारयुक्त नगर बनाउने नीति लिइने छ। एक घर एक रोजगारको सुनिश्चितता हुने गरी नगरमा रोजगारीका अवसरहरू सिर्जना हुने कार्यक्रम सञ्चालन गरिने छ। सीप विकास रोजगार प्रवर्द्धनका कार्यक्रम तय गर्दा अवसरहरूमा सबैको समावेशी पहुँचलाई महत्वपूर्ण आधार बनाइने छ । अनौपचारिक क्षेत्रमा कार्यरत रोजगारी गरिरहेका श्रमिकहरुको सहजिकरणको लागि नगरपालिकामा श्रम डेष्कको स्थापना गरी श्रमिक/मजदुरहरलाई सुचिकरण गरी सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

४५. एक घर एक महिला रोजगार, समृद्ध भीमेश्वरको आधार' भन्ने नारालाई साकार पार्न का लागि महिला उद्यमी तयार गर्न भीमेश्वर महिला आत्मनिर्भर कार्यक्रमलाई निरन्तरता दिइनेछ। संघीय सरकारबाट प्राप्त हुने विपन्न आय आर्जन कार्यक्रम तर्फको बजेट समेतलाई महिला आत्मनिर्भर कार्यक्रमसँग आवद्ध गराउँदै लगिने छ। स्थानीय उद्यम विकासको लागि सीप विकास, क्षमता विकास तालिम, प्रविधि सहयोग, औद्योगिक पूर्वाधार र बजारीकरणमा सहयोग गरी औद्योगिक वातावरण कायम गरिने छ । लघुउद्यम विकास कार्यक्रम मार्फत व्यवसाय सुरु गर्नका लागि आवश्यक सीपर प्राविधिक सहयोग हुने प्रकृतिका क्रियाकलापहरू सञ्चालन गरिनेछ। प्रधानमन्त्री रोजगार कार्यक्रम र सहरी शासकीय क्षमता विकास कार्यक्रममार्फत रोजगारी सिर्जना गर्ने कार्यलाइ निरन्तरता दिइने छ।

४६. **सामाजिक विकास :** नागरिकको खुसीसँग जोडिएको सामाजिक क्षेत्रको विकासको आवश्यकतालाई प्राथमिकता दिँदै यस क्षेत्र अन्तर्गतका उपक्षेत्रहरूमा बजेट विनियोजन गरी कार्यक्रमहरूसमेत तर्जुमा गरिने छ।

४७. **शिक्षा :** 'सक्षम नागरिक' भन्ने सोचका आधारमा पहुँचयोग्य, गुणस्तरीय, आयमूलक र प्राविधिक तथा व्यावहारिक विद्यालय शिक्षाको माध्यमबाट मानव स्रोत विकास गरी हिमाली क्षेत्रको शैक्षिक गन्तव्यको रुपमा विकास गर्ने नीति लिइने छ। सामाजिक विकासको आधारशीलाको रूपमा रहेको शिक्षा क्षेत्रको गुणस्तर सुधारमा सर्वोपरी जोड दिने नीति लिइने छ। बाल विकास केन्द्रका शिक्षक र विद्यालय सहायक कर्मचारीलाई प्रोत्साहन गरिने छ। शिक्षकहरूको क्षमता विकास कार्यक्रम र विद्यार्थीहरूका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने छ। भीमेश्वरको शैक्षिक अवस्था रुपान्तरणकालागि 'भीमेश्वर शैक्षिक पुर्नसंरचना अधिकारसम्पन्न कार्यदल' बनाइ सोको सिफारिस अनुसार शैक्षिक क्षेत्रको पुनसंरचना गर्ने, शैक्षिक गुणस्तर सुधार्न कार्यमूलक अनुसन्धानको लागि नगरपालिका क्षेत्रभित्र उच्च शिक्षा अध्ययन गरिरहेका विद्याथीहरुको लागि फेलोसिपको व्यवस्था गर्ने, शैक्षिक गुणस्तर तथा नतिजा सुधारकालागि तत्काल विद्यालयको शैक्षिक अवस्थाको स्वमूल्यांकन गरी सुधार योजना बनाउने,, यस कार्यमा

नगरपालिकाले सहजीकरण गर्ने र नियमित अनुगमन गरिनेछ । छनौट गरिएका विद्यालयमा विद्यार्थीको क्षमता विकास गर्नको लागि एकीकृत क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । दलित एवम् अति सिमान्तकृत वर्गका विद्यार्थीहरुको लागि भीमेश्वर नगरपालिका क्षेत्रभित्र नै प्राविधिक डिप्लोमा अध्ययन गर्ने विद्यार्थीहरुको लागि छात्रबृती उपलब्ध गराइने छ । विद्यालयहरूमा स्काउटका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४८. **स्वास्थ्य तथा पोषण :** 'स्वस्थ भीमेश्वरवासी; उत्कृष्ट स्वास्थ्य सुविधा' भन्ने सोचका साथ स्वास्थ्य सेवामा पहुँच वृद्धि गरी गुणस्तरीय स्वास्थ्य सेवा बिस्तार गर्ने नीति लिइने छ । आमा सुरक्षा कार्यक्रम सञ्चालन गरिने छ । संस्थागत सुत्केरी हुने र समयमा नै जन्मदर्ता गराउने आमालाई प्रोत्साहनस्वरूप सुत्केरी भत्ता प्रदान गर्ने, स्वास्थ्य संस्थासम्म पुग्न नसक्ने जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई जेष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रममार्फत सेवा उपलब्ध गराउने, स्वास्थ्य चौकी नभएका वा स्वास्थ्य चौकीले समेट्न नसकेका नगरका क्षेत्रहरूमा सहरी स्वास्थ्य केन्द्रमार्फत स्वास्थ्य सेवा प्रवाह गराउने, विपन्न तथा गरिब नगरवासीका लागि स्वास्थ्य उपचारमा आर्थिक सहयोग उपलब्ध गराउने, स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार निर्माण र सुधार गर्ने, स्वास्थ्य चौकीहरूमा आवश्यक स्वास्थ्य सामग्रीहरू र औषधिको व्यवस्था गरिने छ । मोतिबिन्दुको अप्रेसन गर्ने भीमेश्वर नगरपालिकामा स्थायी बसोबास गर्ने नगरवासीलाई अप्रेशन शुल्कमा लाग्ने रकमको २५ प्रतिशत आर्थिक सहयोग गर्ने र पशुपति चौलागाँई स्मृति अस्पतालमा मिर्गौला डायलसिस गर्ने विपन्न विरामीलाई आर्थिक सहयोग गर्ने व्यवस्था गरिनेछ । स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यक समन्वय गरिने छ । नेपालमा दिनप्रतिदिन द्रुत गतिमा देखिएको नसर्ने रोगको समस्या पहिचान गरी न्युनिकरण गर्न कार्यक्रम अगाडि बढाइने छ । स्वास्थ्य क्षेत्रमा प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र निरोधात्मक कार्यक्रमहरूलाई निरन्तरता दिइने छ । पूर्ण खोप सुनिश्चिततालाई निरन्तरता दिइने छ । साइवर अपराध न्यूनिकरणको तथा मानसिक रोग सुधारको लागि विद्यालय तथा कलेज तहमा जनचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।ै 'स्वस्थ्य नगर योगमय जीवन' को मर्म अनुसार योगकेन्द्रसँग सहकार्य गरी योगलाई थप व्यवस्थीत गरिनेछ । स्वाथ्य संस्थाहरुको हेल्थ प्रोफाइल र पोषण प्रोफाइल तयार पारिने छ ।

४९. **खानेपानी, सरसफाइ तथा स्वच्छता :** 'स्वच्छ खानेपानी र सफा भीमेश्वर' भन्ने सोचका आधारमा सबै नगरवासीलाई पर्याप्त पहुँचयोग्य र सुरक्षित खानेपानी तथा सरसफाइ उपलब्ध गराउने नीति लिइने छ । सहरी क्षेत्र र ग्रामीण क्षेत्रमा खानेपानीको सुविधा विस्तार गर्दै लगिने छ । चरिकोटमा देखिएको खानेपानी समस्या समाधानको लागि चरिकोट खानेपानी तथा सरसफाई उपभोक्ता समिति र चरिकोट खानेपानी तथा सरसफाई उपभोक्ता संस्था बीच एकीकरण गरी एकिकृत समिति मार्फत आवश्यक पहल गरिने छ। सफा भीमेश्वर अभियान अन्तर्गत निर्माण गरिएको सरसफाइ केन्द्रलाई सरसफाइ ज्ञान केन्द्रको रूपमा विकास गरिदै लगिने छ । सहरी फोहोरलाई स्रोतमा नै कुहिने र नकुहिने फोहोर छुट्टयाई सरसफाइ केन्द्रबाट फोहोरमैलाको वर्गीकरण, प्रशोधन र प्राङ्गारिक मल उत्पादन गर्ने कार्यलाई निरन्तरता दिइने छ । हाम्रो अभिभारा; एक घर एक धारा' भन्ने मान्यताबमोजिम पिउन योग्य पानीको सहज पहुँच सबै नगरवासीहरूलाई पुर्‍याई पूर्ण सरसफाइको कार्यक्रमलाई अगाडि बढाइने छ । महत्वपूर्ण सार्वजनिक स्थलहरूमा लैङ्गिक तथा आपङ्गमैत्री शौचालय निर्माण कार्यलाई अगाडि बढाइने छ । टोल विकास संस्थाहरूसँगको सहकार्यमा टोल विकास संस्थाहरूको क्षमता विकास, सरसफाइ, आय आर्जन र विकास निर्माणमा आवश्यक सहकार्य गरिनेछ ।

५०. **भाषा, धर्म, संस्कृति तथा ललितकला संरक्षण र प्रवर्द्धन :** स्थानीय पहिचान झल्कने भाषा, कला, संस्कृति, साहित्य, सङ्गीतको प्रवर्द्धन गर्ने नीति लिइने छ । स्थानीय भाषा, कला र साहित्यबारे अनुसन्धान गरी अभिलेखीकरण गरिने छ । सम्पदा र धार्मिक स्थल आदि साँस्कृतिक धरोहरहरूको संरक्षण गरिने छ । आदिवासी, जनजाति र दलित समुदायहरूको परम्परागत सीपर कलाको संरक्षण र संवर्द्धन गरिने छ । वडा न. ६ मा निर्माणाधीन बहुसाँस्कृतिक सङ्ग्रहालय निर्माणलाई पूर्णता दिइने छ । विभिन्न धर्म समुदायका लागि उपयुक्त स्थानमा मृत्युसंस्कार स्थलको प्रबन्ध गरिने छ । स्थानीय मठ, मन्दिर, गुम्बा, मण्डली, चाडपर्व र जात्राको जगेर्ना तथा संवर्द्धन गरिने छ । जिरी नगरपालिका, ललितपुर महानगरपालिका र जनकपुरधाम उपमहानगरपालिकासँगको सांस्कृतिक भगिनी सम्बन्धलाई सुमधुर बनाइ सांस्कृतिक आदानप्रदानलाई निरन्तरता दिइने छ । संस्कृति ऐन अन्तर्गत गठन भएका भानुविद्यापति साहित्यिक प्रतिष्ठानसँगको सहकार्यलाई निरन्तरता दिइने छ । नेपालकै गौरवपूर्ण इतिहास बोकेको भीमेश्वर नगरभित्रको दोलखा सहर र यस नगरका विभिन्न वडाहरूमा रहेका धार्मिक, सांस्कृतिक, साहित्यिक तथा सामाजिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन र संस्थागत विकासका लागि छुट्टै संस्थागत संरचनाबाट कार्य गर्ने उद्देश्य राखी नगर कार्यपालिका मातहत कानुनतः स्थापना गरिएको भीमेश्वर संस्कृति प्रतिष्ठानको संस्थागत विकास,

व्यवस्थापकीय क्षमता र सिर्जनात्मक दक्षता अभिवृद्धिका लागि नगरको ठोस योजना र प्रतिष्ठानको स्पष्ट कार्ययोजना बनाई परिचालन गरिने छ । भीमेश्वर नगरको अग्रसरतामा जिल्लाका स्थानीय तहहरूको साथै सांस्कृतिक सहकार्यको सम्बन्ध रहेका अन्य स्थानीय तहसँग समग्र सांस्कृतिक, साहित्यिक गतिविधिमा संयोजन गर्नका लागि भीमेश्वर प्रतिष्ठानलाई दोलखा संस्कृति प्रतिष्ठानमा नाम संशोधन गरेर फराकिलो दायरा र पहिचान बन्ने गरी क्षमता विकास गरिने छ । पुरातात्वीक स्थानहरुमा पौराणीक अवस्था झल्कने संरचना वनाउन स्थानीय समुदाय, गुठी तथा परम्परागत संस्थाहरुसँग सहकार्य गरिने छ ।

५१. **युवा, खेलकुद तथा मनोरञ्जन :** 'समृद्ध भीमेश्वर; युवाहरूको उत्पादनशील उपयोग' भन्ने सोचका आधारमा युवाहरूको सिर्जनशील उपयोग गरी नगरपालिकाको विकास प्रक्रियामा परिचालन गर्ने नीति लिइने छ। युवाहरूलाई उत्पादनशील कार्यमा परिचालन गर्ने र खेलकुदको प्रवर्द्धन गर्ने कार्यक्रमहरू सञ्चालन गरिने छ । वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई उनीहरूले सिकेका ज्ञान र सीपलाई पुँजीको रूपमा लिइ थप प्रोत्साहन गरिने छ । राष्ट्रियस्तरीय, प्रदेशस्तरीय, जिल्लास्तरीय र नगरस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरी खेल प्रवर्द्धनमा जोड दिइने छ । खेलकुद मार्फत पर्यटन प्रवर्द्धन गर्न **भीमेश्वर गोल्डकप खुला प्रतियोगिता** सञ्चालन गरिनेछ । नगरवासीहरूका लागि मनोरञ्जनको क्षेत्रलाई ध्यान दिँदै नगरक्षेत्रभित्र निर्माण भएका पार्कहरु एवम् भ्युटावरलाई व्यवस्थित गर्दै लगिने छ । भीमेश्वर रङ्गशालालाई पूर्णता दिन पूर्वतर्फको प्यारापिट निर्माणलाई निरन्तरता दिइने छ । बागमती प्रदेश सरकारको सहकार्यमा कभर्ड हलको थप पूर्वाधार तथा व्यवस्थापन गरी सञ्चालन गरिने छ ।

५२. **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र अपाङ्गता :** 'सामाजिक न्याय र समावेशी सहभागिता' भन्ने सोचका साथ सबै वर्ग र समुदायको समतामूलक विकास गरी अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ । लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सवाललाई सबैक्षेत्रका नीति कार्यक्रममा मूलप्रवाहीकरण गर्दै लगिने छ । लक्षित वर्गको सीपतथा क्षमता विकास, आयआर्जन र सहयोगका लागि कार्यक्रम सञ्चालन गरिने छ । हिंसामा परेका महिला तथा बालबालिकाहरूका लागि सञ्चालनमा रहेको सुरक्षित आवास गृहलाई थप व्यवस्थित गरिने छ । 'क' वर्गका आपाङ्गता भएका व्यक्तिहरूका हेरालुलाई प्रदान गर्दै आएको मासिक १००० रुपैया र 'ग' वर्गका अपाङ्गता भएका व्यक्तिहरूको लागि प्रदान गर्दै आएको मासिक ५०० रुपैयाका दरले उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिइने छ। महिला हिंसा, मानव बेचविखन विरुद्धको अभियान तथा कार्यक्रम, महिला आत्मनिर्भर कार्यक्रम, आवश्यकता पहिचान गरी क्षमताका आधारमा पछाडि परेका वर्ग समुदायलाई आय आर्जन तथा जीविकोपार्जन कार्यक्रमलाई निरन्तरता दिइने छ । सडक मानव रहित शहर बनाउनको लागि सडक मानवहरुको व्यवस्थापन र उपचार गर्ने मानव सेवा आश्रमहरुसँग आवश्यक समन्वय गरी व्यवस्थापन गरिने छ ।

५३. **महिला, बालबालिका तथा जेष्ठ नागरिक :** जेष्ठ नागरिक स्वास्थ्य परीक्षण, सहायक सामग्री सहयोग जस्ता जेष्ठ नागरिकसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिने छ । जेष्ठ नागरिकहरूको अनुभव र सिकाइलाई आदान प्रदान गर्ने अभियान सञ्चालन गरिने छ । **बालबालिका :** यस नगरपालिकालाई बागमती प्रदेशकै पहिलो बालमैत्री नगर घोषणा गरिएको सन्दर्भमा यसको दीगोपनाका लागि रणनीति तथा लगानी योजनाअनुरूप बालविवाह न्यूनीकरण गर्ने, सिमपानी पोखरीमा बालबालिका र युवालाई लक्षित गरी बालमैत्री पार्क र खुला व्यायामशाला स्थापना गरिनेछ । वडा नं. २ को पाखलती र वडा नं. ५ को मिलघुम्ती र कमिनचौरमा खुल्ला व्यायामशाला स्थापना गरिनेछ । बालश्रम निवारण गर्ने, बालबालिकाहरूका लागि पुस्तकालयसहितको बैठक कक्ष व्यवस्थापन, बालपोषणयुक्त नगरपालिका घोषणा जस्ता कार्यक्रमहरू सञ्चालन गरी बालमैत्री स्थानीय शासनलाई दीगो बनाउँदै लगिने छ । अभिभावक गुमाएका बालबालिकाहरूलाई प्रदान गरिदैं आएको आर्थिक सहायतालाई निरन्तरता दिइने छ ।

५४. **'गाउँ गाउँमा पुग्दा भविष्यलाई सोच्दा;'** राज्य भूगोल मात्र नभइ नागरिक पनि हुन् भन्ने साश्वत् सत्यलाई आत्मसात गर्दै खाली बस्तीलाई पुनः मानव बस्तीमा रूपान्तरण गर्न 'तेस्रोदेखिको सन्तान भीमेश्वरको वरदान; उज्यालो भविष्य योजना' लाई निरन्तरता दिनुको साथै आमाको लागि पोषण सुविधाको लागि रु १०००० /- र २०८२ साउन १ गतेदेखि जन्मिएका शिशुको भविष्य सुरक्षाको लागि रु १००००/- को **उज्यालो भविष्य बैंक खाता** सम्बन्धित शिशुको नाममा खोली भविष्य सुनिश्चित गरिनेछ ।

५५. **पञ्जीकरण तथा सामाजिक सुरक्षा :** 'सुरक्षित जीवन; उच्च सामाजिक सुरक्षा' भन्ने मूल सोचलाई सार्थक बनाउन नागरिकको अभिलेख प्रणाली दुरुस्त गर्दै सामाजिक सुरक्षाको प्रत्याभूति प्रदान गर्ने नीति लिइने छ । सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदान गरिदै आएको सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप प्रभावकारी बनाइने छ । पञ्जीकरणलाई व्यवस्थित गर्न वडास्तरमा

व्यक्तिगत घटना शिविर सञ्चालन गरिने छ। सामाजिक सुरक्षा भत्ता वडा केन्द्रहरूबाट बैङ्कमार्फत वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ।

**सभाध्यक्षज्यू,**

**नगरसभा सदस्यज्यूहरू,**

५६. **पूर्वाधार विकास :** नगरवासीको सहजताका लागि सम्बन्धित पूर्वाधार विकास क्षेत्रलाई उचित महत्त्व दिँदै यस अन्तर्गतका उपक्षेत्रहरूमा कार्यक्रम तथा आयोजनाहरू सञ्चालन गरिने छ।

५७. **सडक, पुल तथा यातायात :** नगर यातायात गुरुयोजनाले निर्धारण गरेका प्राथमिकता तथा वृहत नगर योजना अनुरूप यातायातका पूर्वाधार र सेवाका कार्यक्रम समयवद्ध रूपमा कार्यान्वयन गरिने छ। गुणस्तरीय सडक; सुरक्षित यातायात' भन्ने सोचलाई सार्थक गराउन दीगो सडक पूर्वाधार विस्तार गरी नगरवासीलाई भरपर्दो र सुरक्षित यातायातको पहुँच वृद्धि गर्ने नीति लिइने छ। सडकपुर्वाधारको दीगोपनको लागि नियमित, आवधिक, आकस्मिक, मर्मत सम्भारलाई निरन्तरता दिइने, परिमाण तोकेर योजना तयारी गर्ने, पक्की नाला कजवे निर्माण, सडक सौन्दर्य, सडकको जग्गामा कित्ताकाटको शुरुवात, किलोमिटर पोष्ट राख्ने जस्ता कार्यलाई निरन्तरता दिइने छ। कृषकहरूको उत्पादनलाई बजारसम्म पुऱ्याउन ग्रामीण सडकहरूलाई बाह्रै महिना यातायात सञ्चालनमा ल्याउने, वातावरणमैत्री हरियाली सडक निर्माण गर्ने,सडक संरचना संरक्षणका लागि नाला निर्माण गर्ने, महत्त्वपूर्ण सडकहरूलाई कालोपत्रे तथा ढलान गर्ने,सडक निर्माण मापदण्ड कडाइका साथ लागुगर्ने जस्ता कार्यक्रमलाई निरन्तरता दिइने छ। नगरपालिका क्षेत्रभित्र रहेका मुख्य सडकको पुलको विस्तृत आयोजना प्रतिवेदन तयार गरी, वडा कार्यालयसम्म जोड्ने सडकलाई पक्की बनाउने, पुराना झोपुहरुको अवस्था विश्लेषण गरी निर्माण तथा मर्मत कार्यलाई निरन्तरता दिइने छ। उत्तर दक्षिण राजमार्गको लागि तामाकोशी कोरिडोर (तामाकोशी नयाँपुल देखि नागदहसम्म) सडक निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन तयार पारी निर्माण कार्य अगाडि बढाउन सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गरिनेछ। झोलुङ्गे पुल निर्माणकार्यलाई निरन्तरता दिइने छ। सङ्घ र प्रदेशसँगको सहकार्यमा चरिकोट बसपार्कको पूर्वाधार निर्माण गरी सञ्चालन गरिने छ। ठूला सडक आयोजनाहरुलाई आवश्यकताको आधारमा कालोपत्रे तथा ढलानलाई प्रथामिकता दिई निर्माणको लागि सरोकारवालासँग आवश्यक समन्वय गरिनेछ। दोलालघाट चर्नावती सुरुड मार्गको सम्भाव्यता अध्ययन गर्ने नेपाल सरकारको निर्णयको स्वागत गर्दै दोलालघाट -चर्नावती (भीनपा ८ सेरावेंसी) कार्यान्वयनको लागि सरोकारवाला निकायसँग आवश्यक समन्वय गरिनेछ।

५८. **भवन, आवास तथा वस्ती विकास :** 'व्यवस्थित वस्ती; सुरक्षित आवास' भन्ने मूल सोचका आधारमा नगरपालिका क्षेत्रका वस्ती विकास र आवास निर्माणलाई सुरक्षित व्यवस्थित र उत्थानशील बनाउने नीति लिइने छ। नक्सापास कार्यलाई थप सुदृढीकरण गरिने छ। सहरी क्षेत्रमा सडकबत्ती व्यवस्था गर्ने, हरियाली प्रवर्द्धन गर्ने, नगरवासीहरूको सक्रियतामा सरसफाइ, सहरी सौन्दर्य र स्वच्छ सहर अभियान सञ्चालन गरिने छ। नगरपालिकाको वडा कार्यालय भवनहरू निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ। नगरक्षेत्रभित्र निर्माण गरिने भवन तथा पूर्वाधारहरू महिलामैत्री, बालमैत्री र अपाङ्गमैत्री र वातावरणमैत्री बनाइने छ। आफ्नै जग्गाभित्र निर्माण भएका तर नक्सा पास मापदण्डका कारण रोकिएका घरहरुको अभिलेखीकरण गर्न कार्यविधि बनाई कार्य अगाडि बढाइनेछ। वस्ती विकास तथा भवन निर्माण मापदण्ड तथा बस्ती विकास सम्बन्धी कानुन तर्जुमा र घर नक्सांकन प्रकृयालाई निरन्तरता दिइने, भवन निर्माण तर्फ शहरी विकास तथा भवन निर्माण विभागको सहकार्यमा विद्युतीय भवन निर्माण अनुमती प्रदान गर्ने प्रणालीलाई अद्यावधिक गरी अनुमती प्रदान गर्ने, सार्वजनिक भवनको निर्माण मर्मत सम्भार र अभिलेख व्यवस्थापनलाई निरन्तरता दिइने र भीनपा ४ मा रहेको एकीकृत बस्तीको जग्गाधनीहरुको लागि जग्गाधनी प्रमाण पुर्जा वितरण गरिनेछ।

५९. **जलस्रोत, विद्युत तथा स्वच्छ ऊर्जा :** 'ऊर्जाको उत्पादनशील उपयोग' भन्ने सोचअनुसार सबै नगरवासीमा भरपर्दो विद्युत सेवाको पहुँच उपलब्ध गराउने नीति लिइने छ। सौर्य उर्जाको सम्भाव्यता अध्ययन गरी लगानीमैत्री वातावरण निर्माण गरी लगानीकर्ताहरूलाई आकर्षण गरिने छ। उज्यालो भीमेश्वर कार्यक्रम अन्तर्गत सोलर पार्कको अध्ययन र स्थापनाको लागि पहल गरिनछ। विभिन्न साझेदार निकायहरूको सहकार्यमा वैकल्पिक ऊर्जाका कार्यक्रम सञ्चालन गरी प्रत्येक घर, बस्ती र सहरलाई उज्यालो बनाइने छ। तामाकोशी तेस्रो जलविद्युत् आयोजनाको निमार्ण कार्यलाइ समयमा नै सुरु गर्नका लागि सरोकारवाला निकायसँग समन्वय गरिने छ। नगर क्षेत्रभित्र सञ्चालनमा आएका अन्य जलविद्युत् आयोजनाहरूसंग समन्वय र सहकार्य गरिने छ। जलवायु

परिवर्तनबाट सिर्जित परिस्थितीलाई मध्यनजर गरी प्रदेश सरकारको लगानीमा जलवायु अनुकुलन कार्यक्रम सञ्चालन गरिने छ ।

६०. **सूचना तथा सञ्चार प्रविधि :** 'सवल लोकतान्त्रिक व्यवहार; सहज सूचना र सञ्चार' भन्ने सोचका आधारमा डिजिटल प्रणाली सहित सूचना प्रविधिलाई सबै नगरवासीका लागि पहुँचयोग्य र सर्वसुलभ बनाउदै लगिने छ । नगरवासी र नगरपालिकाको दैनिक प्रशासनिक कार्यलाई प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधिको उपयोगलाई बढावा दिइने छ । प्रविधिमा आधारित अनलाइन घटना दर्तालाई निरन्तरता, राजस्व अनलाइन भुक्तानी प्रणालीको स्थापना जस्ता प्रविधिमैत्री कार्यक्रमहरू सञ्चालन गरिने छ । स्थानीय सञ्चार माध्यमहरूसँगको साझेदारी र सहकार्यलाई निरन्तरता दिइने छ । विद्यालय तथा क्याम्पसमा साइबर अपराध न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

६१. **वन, वातावरण तथा विपद् व्यवस्थापन :** नगरवासीको जीवन संरक्षणसँग सम्बन्धित वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको उपक्षेत्रहरूलाई विकासमा मूल प्रवाहीकरण गर्ने नीति लिइने छ ।

१. **वन, भूसंरक्षण तथा जैविक विविधता :** 'स्वच्छ तथा दीगो सहरी पर्यावरण' भन्ने मूल सोचका आधारमा विविध प्राकृतिक स्रोतहरूको दीगो व्यवस्थापन गरी प्राकृतिक सम्पदामा आधारित व्यवसायको विकासमार्फत स्थानीय विकास र समृद्धि हासिल गरिने छ । दीगो विकास र नागरिकको जीवन पद्धतिसँग सम्बन्धित वन तथा वातावरणको संरक्षण गरिने छ । सामुदायिक वन उपभोक्ता महासङ्घ र सामुदायिक वन उपभोक्ता समितिहरूसँगको सहकार्यमा वन पैदावारमा आधारित व्यावसायिक खेती तथा उद्यम सञ्चालन गरी आयआर्जन गर्ने कार्यक्रम सञ्चालन गरिने छ । डिभिजन वन कार्यालयसँगको सहकार्यमा स्थानीय काठको नगरभित्र नै प्रयोग गर्ने र वनमा आधारित उद्योग व्यवशाय प्रबन्ध मिलाइने छ । जैविक विविधता कायम राख्न कार्यक्रमहरू सञ्चालन गरिने छ । जलवायु अनुकूलनमा सहयोग पुग्ने कार्यक्रमलाई निरन्तरता दिइने छ । भीमेश्वर नगरपालिका वडा नं. १ मा रहेको सुष्पा सामूदायिक वन क्षेत्रमा सुनाखरी उद्यानको रुपमा विकास गरिने छ । दीगो वन व्यवस्थापनको लागि सामुदायिक वनको कार्य योजना अद्यावधिक गरिने छ । वन नदीजन्य पदार्थको उत्खनन् गर्दा वातावरणीय अध्ययन प्रतिवेदनलाई आधार मानी नियमित अनुगमन गरिने छ । भीमेश्वर नगरपालिका वडा नं ३ र ६ मा रहेको खोरथली सामुदायिक वनमा स्थानीय समुदाय, सामुदायिक वन उपभोक्ता समितिको अगुवाईमा विभिन्न सरकारी तथा गैरसरकारी निकायको समन्वय र सहकार्यमा खुला चिडियाखानाको अवधारणलाई अगाडि बढाइनेछ ।

६२. **विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन :** 'सुरक्षित र उत्थानशील भीमेश्वर' भन्ने सोचका आधारमा विपद व्यवस्थापनको लागि पुर्वतयारी, प्रतिकार्य र पुर्नलाभको कार्यहरुलाई निरन्तरता दिइने छ । साथै विपद व्यवस्थापन कोषको प्रभावकारी सञ्चालन, आफ्नो घरको आफैं संरक्षण, जैविक विविधता संरक्षणको लागि संरक्षण कार्यको निरन्तरता, जलवायु जन्य जोखिमको प्रकोप न्यूनिकरणको लागि जलवायु अनुकुलन योजना तयारी र कार्यान्वयन, जलवायु परिवर्तन र वातावरण संरक्षण सम्बन्धी विद्यालय तथा समुदाय तहमा सचेतना कार्यक्रम गर्ने र वर्षा मापन कार्यक्रमका लागि नागरिक बैज्ञानिक परिचालन तथा पुर्व सूचना प्रणलीलाई निरन्तरता दिइने छ । नगरपालिकाको वारुणयन्त्रलाई नगरपालिका क्षेत्रभित्र प्रभावकारी सञ्चालनको व्यवस्था गरिने छ । खुला क्षेत्र पहिचान भएका स्थानमा आवश्यक पूर्वाधार विकास गर्ने कार्यक्रम सञ्चालन गरिने छ । 'भीमेश्वर नगर उत्थानशील सहर' अभियान सञ्चालन गरिने छ । समुदायमा आधारित प्रतिकार्य टोली परिचालनमार्फत विपद् व्यवस्थापन कार्यक्रम सञ्चालन गरिने छ । विपद् व्यवस्थापनका लागि नगर आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट विपद् व्यवस्थापनका कार्यलाई थप प्रभावकारी बनाइने छ । विपद् व्यवस्थापनका लागि सम्बन्धित साझेदार निकायहरूसँग समन्वय र सहकार्य गरिने छ । नगरपालिकाले तयार गरेको जोखिम संवेदनशिल भू-उपयोग योजनालाई उपलब्ध स्रोत साधन र आवश्यकताका आधारमा क्रमश कार्यान्वयन गर्दै लगिने छ । जलवायु परिवर्तनका प्रतिकूल असर हरूलाई न्यूनीकरण गर्न जलवायु परिवर्तन अनुकूलन योजना बनाइ पारिस्थितिकीय प्रणालीहरू संरक्षण गर्दै जीविकोपार्जन सुधार गर्ने कार्यक्रम सञ्चालन गरिने छ । विकास आयोजनाका कार्यको योजना बनाउदा विपद् व्यवस्थापन तथा जलवायु अनुकलनको कार्ययोजना समावेश गर्ने व्यवस्था मिलाइने छ ।

६३. **सुशासन तथा संस्थागत विकास :** नगरवासीलाई गुणस्तरीय सेवा प्रवाह गर्न सुशासन तथा संस्थागत विकास क्षेत्रअन्तर्गतका उपक्षेत्रहरूलाई मूलप्रवाहीकरण गर्ने नीति लिइने छ ।

६४. **सङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह :** 'नागरिकमैत्री सेवा र सुशासन; क्षमतावान कर्मचारी र दक्ष नगर प्रशासन' भन्ने सोच पूरा गर्नका लागि सुदृढ सङ्गठन र दक्ष जनशक्ति मार्फत नगरवासीलाई प्रभावकारी सेवा प्रदान गरिने छ । नगरपालिकाको संस्थागत क्षमता सुधारका लागि आवश्यक कानुन कार्यविधि

तथा योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ । जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास गरिने छ । महत्त्वपूर्ण दस्तावेजहरूको संरक्षण र अभिलेखीकरणलाई व्यवस्थित बनाउन अभिलेख तथा सूचना केन्द्र स्थापना र अभिलेखहरूको डिजिटाइजेसन गर्दै लगिने छ। नागरिकको नजिकको सरकारको रूपमा रहेको वडा कार्यालयको सेवा प्रवाहलाई नागरिकमैत्री बनाइने छ ।

६५. **नागरिक सन्तुष्टि सर्वेक्षण तथा सामाजिक उत्तरदायित्व :** नगरपालिकाको सेवा प्रवाहलाई सेवाग्राहीमैत्री र प्रविधिमैत्री बनाई सुशासनको प्रत्याभूति दिइने छ । नगरवासीहरूलाई सेवा प्रवाह सम्बन्धमा सहज गुनासो गर्न सक्ने र यथाशीघ्र गुनासो सुनुवाई गर्ने संयन्त्र लागू गरिने छ । सार्वजनिक सेवा र विकास प्रशासनलाई प्रभावकारी बनाउनका लागि सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र वडा तहमा समेत सार्वजनिक सुनुवाइ, नागरिक निगरानी समुह परिचालन जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छ । नगरसभा र नगरकार्यपालिकाको निर्णयहरू, नगरले तर्जुमा गरेका कानुनहरू र सूचनाहरू नगरपालिकाको वेबसाइटमार्फत सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइ नागरिकको सूचनाको हक प्रत्याभूत गरिने छ ।

६६. विकास निर्माण लगायतका नगरका योजनाहरुका निम्ति अस्थायी प्रकृतिका उपभोक्ता समिति गठनलाई न्यूनीकरण गर्ने, स्थानीय स्तरमा रहेको दीगो संस्थाहरुसँग लागत साझेदारी गरी योजना सञ्चालनमा समुदायको संलग्नता बढाउने, सवै जनप्रतिनिधिहरुको परिभाषित जिम्मेवारी अनुसार प्रतिवेदन प्रणालीको विकास गर्दै लगिने, सवै कर्मचारीको कार्यसम्पादनमा आधारित करार संझौता गर्ने र सो अनुसार कार्यसम्पादन गर्नेलाई पुरस्कृत र नगर्नेलाई कारवाही गर्ने परिपाटी विकास गरिने छ । हाम्रो विकासमा हाम्रो चासो र सहयोग अभियान अन्तरगत योजनाको डिजाइन (इस्टमेट), कार्यान्वयन, अनुगमन तथा मूल्यांकनको प्रकृयामा समुदायको संलग्नताकालागि नागरिक निगरानी समूह गठन गरी क्रियाशिल गराइने छ ।

६७. **नीति, कानुन, न्याय तथा सुशासन :** 'नगरपालिकामा सुशासन; विधिको शासन, जवाफदेही तथा पारदर्शिता कार्यान्वयन' भन्ने मूल सोचका आधारमा तथ्यमा आधारित नीति तथा कानुनको माध्यमबाट गुणस्तरीय पारदर्शी जवाफदेही शासन सञ्चालन गरिने छ । नगरपालिकाका लागि आवश्यक कानुन तर्जुमा गरिने छ र विद्यमान कानुनहरूको अध्ययन विश्लेषण गरी आवश्यक संशोधन तथा खारेजी गरिने छ । न्यायिक सेवाबारे आम नगरवासीलाई सुसूचित गरिने छ । न्यायिक समितिबाट मुद्दा मामिलाहरूको सुनुवाइ, सहजीकरण, न्याय निरूपण गर्ने कार्य छिटोछरितो र नियमित रूपमा गरिने छ । न्यायिक समितिका सबै गतिविधिहरूलाई डिजिटाइजेसन गरी अभिलेख राखिने छ । वडास्तरमा सूचिकृत मेलमिलापकर्ताहरूमार्फत विवाद समाधानमा सहजीकरण गरिने छ । मेलमिलापकर्ताको क्षमता विकासका कार्यक्रमहरूलाई निरन्तरता दिइने छ ।

६८. **राजस्व परिचालन :** 'दीगो आर्थिक स्रोत व्यवस्थापन; आन्तरिक राजस्वको समुचित परिचालन' भन्ने सोचलाई सार्थक बनाउन नगरपालिकाको आन्तरिक राजस्व परिचालनमा सुधार गरी स्रोतको दीगो आधार तय गरिने छ । नगरपालिकाबाट आन्तरिक राजस्व वृद्धि गर्न स्थानीय सरकारको वित्तीय अधिकार क्षेत्रभित्रका कर, सेवाशुल्क, दस्तुर र बिक्रीको आधार र दायरा फराकिलो, सहज र सरलीकृत गर्दै प्रगतिशील राजस्व प्रणाली अवलम्बन गरिने छ । करदाताहरूको कर तिर्ने क्षमतालाई मध्यनजर गर्दै कर सहभागितामा उल्लेखनीय वृद्धि गराउन आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि करका दायराहरू फराकिलो पारिने छ । करदाताको उत्साहजनक सहभागितामा कर सङ्कलन गर्नका लागि करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने छ। विद्युतिय माध्यमबाट समेत कर तिर्ने व्यवस्था मिलाइने छ । नगरवासीहरूको योगदानबाट सङ्कलित करलाई पुँजी सिर्जना हुने गरी लगानी गरिने छ ।

६९. **वित्तीय व्यवस्थापन, नियन्त्रण, अनुशासन र लेखापरीक्षण :** नगरपालिकाको आय व्यक्तिबीचको सन्तुलन कायम गरी सार्वजनिक खर्चलाई मितव्ययी र औचित्यपूर्ण बनाइने छ । खर्चको प्रभावकारिता वृद्धिका लागि सङ्घ, प्रदेश र नगरपालिकाको आर्थिक ऐन नियमहरूको पूर्ण पालना गर्ने संयन्त्र विकास गरिने छ । आन्तरिक लेखापरीक्षण र आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइने छ । अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित सुझावहरूको पालना, बेरुजु न्यूनीकरण र फछ्र्यौट तथा सम्परीक्षणलाई प्राथमिकता दिइने छ ।

७०. **तथ्याङ्क प्रणाली, योजना र विकास व्यवस्थापन :** 'विश्वासिलो तथ्याङ्कीय आधार; विकास योजनाको पूर्वाधार' भन्ने सोचलाई सार्थक बनाउन सूचना प्रविधिको उपयोग बढाइ तथ्याङ्क प्रणाली योजना प्रक्रिया र विकास व्यवस्थापनमा सुधार गरिने छ। यस नगरपालिकासँग सम्बन्धित क्षेत्रगत एवम् खण्डीकृत तथ्याङ्कहरूको आवधिक रूपमा सङ्कलन र अद्यावधिक गरिने छ। योजना तर्जुमा गर्दा सङ्कलित तथ्याङ्क र सूचनाहरूलाई आधार लिइने छ। नगर योजनाको प्रभावकारी कार्यान्वयनका लागि वार्षिक योजना कार्यान्वयन, कार्ययोजना लागु गरिने छ। नगरका सबै योजनाको वर्गीकरण गरी नगरस्तरीय र वडास्तरीय अनुगमन समितिले नतिजामा आधारित भई अनुगमन गर्ने व्यवस्था

मिलाइने छ । अनुगमनबाट दिइएका सुझावको आधारमा सुधार गर्ने र अनुगमन प्रतिवेदन र कार्यसम्पादनको आधारमा भुक्तानीको प्रक्रिया अगाडि बढाइने छ । आयोजना कार्यान्वयनको सन्दर्भमा देखिएका बाधा अवरोधलाई अनुगमन गरी यथाशीघ्र समाधान गरिने छ । कार्यक्रम आयोजनाहरूको आन्तरिक र बाह्य पक्षहरूबाट मूल्याङ्कनको व्यवस्था मिलाइने छ ।

७१. **संस्थागत समन्वय** : यस नगरपालिकालाई समृद्ध नगर निर्माणका लागि नगरपालिकाले नेपाल सरकार, बागमती प्रदेश सरकार, अन्तरपालिका भगिनी सम्बन्ध, निजी क्षेत्र, सहकारी संस्था, गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्यलाई प्रमुख रणनीतिको रूपमा लिइने छ । यसअघि भगिनी सम्बन्ध स्थापित भएका जिरी नगरपालिका, ललितपुर महानगरपालिका, जनकपुरधाम उपमहानगरपालिकासँगको सम्बन्ध प्रगाढ बनाई आर्थिक सामाजिक साँस्कृतिक अनुभवको आदान प्रदान एवम् सहयोगकोआदान प्रदान गरिने छ । चीनको सिचुवान प्रान्तको छेन्दु स्थित दुचियाङयान सिटीसँग भएको समझदारीलाई प्रगाढ पार्नको लागि दुवै सरकारवीच भएको सम्झौतालाई अगाडि बढाई आर्थिक, सामाजिक र साँस्कृतिक अनुभवको आदान प्रदान एवम् सहयोगको आदान प्रदान गरिने छ । साथै अन्य देशका स्थानीय सरकारहरुसँग समेत अनुभव आदान प्रदान मार्फत आर्थिक, सामाजिक साँस्कृतिक विकासको लागि भगिनी सम्बन्ध विस्तार गर्दै लगिने छ । नगरको समृद्धि र विकासका लागि विकास साझेदारका रूपमा सरकारी कार्यालय, राष्ट्रिय निकाय, द एसिया फाउन्डेसनको स्थानीय  सरकार सवलीकरण कार्यक्रम लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकाय, सरकारी तथा  गैरसरकारी संघसंस्थासँगको सहकार्यलाई निरन्तरता दिइने छ भने अन्य दातृ निकायहरूलाई सहकार्यका लागि आमन्त्रण गरिने छ । संघ संस्था लगानी मैत्री वातावरण बनाई विकास साझेदारसँग सह-लगानी र सहकार्यलाई निरन्तरता दिइने छ ।

७२. **सञ्चार क्षेत्र :** नगरपालिका र सञ्चार जगतको सम्बन्ध सुदृढ बनाई राख्न पत्रकार महासंघको क्षमता विकास, पुर्वाधार विकास र संचार गृह एवम् सञ्चारकर्मीहरुसँगको समन्वय र सहकार्यलाई निरन्तरता दिइनेछ ।

७३. **दीगो विकास लक्ष्य :** दीगो विकास लक्ष्यहरूलाई स्थानीयकरण गर्ने सम्बन्धी नीति, कार्यक्रम तथा कार्ययोजना बनाई नेपाल सरकारले सन् २०३० सम्ममा पूरा गर्नुपर्ने दीगो विकास लक्ष्यका सूचकहरू हासिल गर्नेतर्फ सूचकहरुलाई स्थानीयकरण गरी यस नगरपालिकाका कार्यक्रमहरू परिलक्षित गरिने छ ।

**सभाध्यक्षज्यू,**

**नगरसभा सदस्यज्यूहरू**

७४. अन्त्यमा, भीमेश्वर नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा कार्यमा महत्त्वपूर्ण सुझाव प्रदान गरी सहयोग गर्नुहुने नगर प्रमुख, नगरकार्यपालिकाका सदस्यहरु, नगरसभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु, विभिन्न राजनीतिक दल, दातृनिकाय, एवम् विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, अन्य सरोकारवाला लगायत सम्पूर्ण नागरिक प्रति हार्दिक कृतज्ञता एवम् धन्यवाद् ज्ञापन गर्दछु । नगर विकासको लागि स्रोत उपलब्ध गराउनु हुने संघीय सरकार, प्रदेश सरकार लगायत अन्य दातृ निकायप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

कमला बस्नेत<br>
उपप्रमुख